
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ९३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख ४ गते मंगलबार ❑ 16 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## झन्झटिलो प्रशासनिक सेवा र भ्रष्टाचार विकासका बाधकः राष्ट्रपति

**पोखरापत्र संवाददाता**
दमौली, ३ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले झण्झटिलो प्रशासनिक सेवा र भ्रष्टाचार विकासका बाधक रहेको बताउनुभएको छ । तनहुँको म्याग्दे गाउँपालिका-४ नारिङ्गेमा निर्माण भएको गाउँपालिकाको प्रशासनिक भवनको आज यहाँ उद्घाटन गर्नुहुँदै राष्ट्रपति पौडेलले झण्झटिलो प्रशासनिक सेवालाई सहज र सरल बनाउँदै भ्रष्टाचार अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रपति पौडेलले भन्नुभयो, "व्यवस्था फेरिएपनि अवस्था फेरिएन भन्नेहरुका लागि एकातिर विकासका गतिलाई तीव्रता दिनुछ भने अर्कोतर्फ सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउनुको विकल्प छैन ।"



राष्ट्रपति पौडेलले समृद्ध र समुन्नत म्याग्दे बनाउने योजनालाई जनप्रतिनिधि, कर्मचारी र गाउँवासीले सहकार्य गर्नेमा आफू विश्वस्त रहेको उल्लेख गर्नुभयो । सवैधानिक व्यवस्थाअनुसार स्थापित गणतान्त्रिक नेपालको महत्वपूर्ण आधार संरचना स्थानीय तह भएकाले जनताका आकाङ्क्षा पूरा गर्नेतर्फ दृढ रहन उहाँले आग्रह गर्नुभयो । विगतमा सिहंदरबारमा केन्द्रिकृत शासन व्यवस्थालाई घरदैलोमा नै ल्याएर सेवा सुविधा दिने स्थानीय तह शासन प्रणालीको बलियो आधार भएको उहाँको भनाइ थियो । स्थानीय तहका जनप्रतिनिधि जनताप्रति उत्तरदायी हुनुपर्ने बताउँदै उहाँले भन्नुभयो, "देशका कतिपय स्थानीय तहमा भौतिक पूर्वाधार तयार हुन नसकेका बेला यस गाउँपालिकाले आवश्यक जग्गाको व्यवस्थापन गरी सेवासुविधालाई सहज र प्रभावकारी बनाउन सुविधासम्पन्न प्रशासकीय भवन बनाएकामा म धन्यवाद भन्न चाहन्छु ।" उहाँले स्थानीय सरकार र जनप्रतिनिधि जति जनतामुखी, लोककल्याणकारी, जनउत्तरदायी भए त्यति स्थानीय जनताको आकांक्षा र आवश्यकता पूरा गर्न सक्षम हुने र त्यति नै हाम्रो शासन व्यवस्थाले परिकल्पना गरेको लक्ष्य साकार हुने बताउनुभयो । उहाँले कर्म गर्न र निराश नहुन आम नागरिकलाई अपिल गर्दै विस्तारै विकासका सम्भावनाहरूले देश प्रगतिको बाटोमा अघि बढिरहेकोमा विश्वस्त हुन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो,

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## अन्नपूर्ण क्षेत्रमा भित्रिए एक लाख ४४ हजार पर्यटक

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख

पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध अन्नपूर्ण क्षेत्रमा चालु आर्थिक वर्षको नौ महिनामा एक लाख ४४ हजार छ सय ७५ विदेशी पर्यटक भित्रिएका छन् ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का अनुसार गत साउनदेखि चैतसम्मको अवधिमा दक्षिण एसियाली मुलुकका ५९ हजार नौ सय ३९ र अन्य मुलुकका ८४ हजार सात सय ३६ पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका हुन् ।

गत चैतमा मात्र दक्षिण एसियाली मुलुकका १६ हजार नौ सय ६९ र अन्य मुलुकका १८ हजार दुई ९६ गरी कूल ३५ हजार दुई सय ६५ विदेशी पर्यटक अन्नपूर्ण क्षेत्र घुम्न आएको आयोजना प्रमुख डा रविन कडरियाले जानकारी दिनुभयो । गत असोजमा २८ हजार सात सय पाँच पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । यो वैशाख महिनामा पर्यटक संख्या थप बढ्ने प्रमुख डा कडरियाको अनुमान छ । गत आवको वैशाखमा ३१ हजार नौ सय ५१ विदेशी पर्यटक अन्नपूर्ण क्षेत्र आएका थिए । असोज-कात्तिक र चैत-वैशाखको याम पदयात्रा पर्यटनका लागि सबैभन्दा उत्तम मानिन्छ । 'एक्याप'ले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको तथ्याङ्क राख्ने गरेको छ । सडक मार्ग भएर मनाङ, मुस्ताङलगायतका ठाउँ प्रवेश गर्ने आन्तरिक पर्यटकको सङ्ख्या यकीन छैन । 'एक्याप'का अनुसार सन् २०२३ मा एक सय ७३ देशका एक लाख ९१ हजार पाँच सय ५८ पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । उक्त सङ्ख्या हालसम्मकै उच्च हो । त्यसअघि सन् २०१९ मा एक लाख ८१ हजार पर्यटकले अन्नपूर्ण क्षेत्र घुमेका थिए । अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, मार्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायतका गन्तव्य छन् । सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा समेटिएका छन् । अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृतिका कारण पर्यटकको रोजाइमा पर्ने गर्छ । हिमशृङ्खलासहितका आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, हावापानी, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि विश्वकै उत्कृष्ट गन्तव्य मानिन्छ । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायतका मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा गर्न सकिने 'एक्याप'ले जनाएको छ ।

## स्थानीय र प्रदेश सरकारलाई सवल र सुदृढ बनाउन आवश्यकः मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
दमौली, ३ बैशाख

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीले स्थानीय र प्रदेश सरकारलाई सवल र सुदृढ बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

तनहुँको म्याग्दे गाउँपालिका-४ नारिङ्गेमा निर्माण भएको गाउँपालिकाको प्रशासनिक भवनको उद्घाटन समारोहमा स्थानीय तहलाई बलियो बनाउने कुरामा आफू सधैँ दृढ रहेको बताउनुभयो ।

मुख्यमन्त्री अधिकारीले भन्नुभयो, "स्थानीय तहलाई सवल र सुदृढ बनाउँदै प्रदेशलाई नजिकको सरकार बनाउने र सङ्घ सरकार मूल आयोजनामा केन्द्रित हुने अठोट र सङ्कल्प विस्तारै कार्यान्वयन हुँदै गएको छ ।" मुख्यमन्त्री अधिकारीले



भाषणमा भन्दा काममा विश्वास गर्ने भएकाले गर्न सकिने कुरामात्रै बोल्ने बताउनुभयो । उहाँले भन्नुभयो, "जति सकिन्छ त्यति गर्ने हो । मुखले बोलेर मात्र हुँदैन । जति काम गर्न सक्छौँ, इमानदारीपूर्वक गर्छौं ।"

म्याग्दे गाउँपालिकाको हरेक कदममा गण्डकी प्रदेश सरकारको समर्थन रहने बताउँदै मुख्यमन्त्री अधिकारीले भन्नुभयो, "खानेपानीको समस्या, बाटोको समस्या, सडकका समस्या स्थानीय तहले सम्पन्न गर्ने कुरामा सहजीकरण हुनेछ ।

प्रदेशले ध्यान पुऱ्याउने कुरामा गम्भीर छौँ ।" निर्माणाधीन पृथ्वीराजमार्ग ढिलाइप्रति आफूले अघिल्लो कार्यकालमै ध्यानाकर्षण गराएको र अहिले पनि आयोजनालाई छिटो काम गर्न निर्देशन दिइसकेको बताउनुभयो । पूर्वमन्त्री एवं तनहुँ क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य शङ्कर भण्डारीले म्याग्देको विकासका लागि धेरै काम भएको बताउँदै यस क्षेत्रको थप विकासका लागि सङ्घ सरकारको ध्यानाकर्षण गराउने बताउनुभयो । म्याग्देमा चक्रपथ निर्माण गर्ने योजना परोस् भन्ने सुझाव प्राप्त भएकाले सङ्घ सरकारबाट पहल गरिने भण्डारीले प्रतिबद्धता जनाउनुभयो ।

जनताको आवश्यकता र मागलाई हेरेर स्थानीय र प्रदेश सरकारले बजेट बनाउनुपर्नेमा उहाँको जोड थियो । भण्डारीले निर्माणाधीन पृथ्वीराजमार्गको ढिलाइले जनताले सास्ती भोग्नुपरेको बताउँदै राजमार्ग छिटो सम्पन्न गराउन सम्बन्धित निकायमा ध्यानाकर्षण गराइरहेको भण्डारीले बताउनुभयो ।

## प्रधानमन्त्रीद्वारा नागढुङ्गा सुरुङमार्गको 'ब्रेक थ्रु'

**रासस**
काठमाडौं, ३ बैशाख

नेपाललाई सुरुङ युगमा लैजाने महत्वपूर्ण आयोजनाका रुपमा रहेको नागढुङ्गा सुरुङमार्ग छिचोलिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड' ले आज सुरुङ छिचोल्नका लागि स्वीच थिच्नुभएको थियो ।

प्रधानमन्त्रीले स्वीच थिचेपछि धादिङ र काठमाडौँ दुवैतर्फबाट खनिएको सुरुङ एकआपसमा छिचोलिएको हो । धादिङको सिस्नेखोला र काठमाडौँको चन्द्रागिरि नगरपालिका-१ मा रहेको टोटीपाखामा सुरुङ जोडिएको छ । समारोहमा उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठलगायतका उच्च अधिकारीको उपस्थिति थियो । यस्तै सङ्घीय सांसद एवं प्रदेश सांसदहरुको उपस्थिति थियो । नागढुङ्गाको घुमाउरो सडक र जामबाट आजित भएका नागरिकलाई उक्त सुरुङमार्ग निर्माण भएपछि थप सहज हुनेछ । छिचोलिएको सुरुङमार्गमा एक वर्षपछि नियमितरुपमा सवारी आवागमन हुने सम्बद्ध आयोजनाले जनाएको छ । नागढुङ्गा सुरुङ निर्माण परियोजनाका उपनिर्देशक गोविन्द दुमरका अनुसार एक विशेष समारोहबीच सुरुङको ' ब्रेक थ्रु' गरिएको हो । सो सुरुङमार्गको कूल लम्बाई दुई हजार छ सय ८८ मिटर छ ।

## कास्कीका एसपी थापा र पर्यटन बोर्ड गण्डकीका प्रमुख साइकलमा सरर...

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका निमित्त प्रमुख नविन पोखरेल र जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी उपरिक्षक (एसपी) मोहन कुमार थापाले सरर साइकल चढ्नु भएको छ । आइतबार पोखरामा आयोजित इलेक्ट्रिक साइकल हस्तान्तरण कार्यक्रममा पोखरेल र थापाले साइकल चलाउदै सरर साइकलको छोटो यात्रा गर्नु भएको हो ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयले पर्यटक प्रहरीको लागि उपलब्ध गराएको दुई थान इलेक्ट्रिक साइकल आइबतार बोर्डको कार्यालय परिसरमै हस्तान्तरण गरिएको बोर्ड गण्डकी प्रदेशका कार्यक्रम अधिकृत कुन्दन मिश्रले बताउनु




भयो । करिब एक लाख ३० हजार मुल्य पर्ने उक्त साइकल बोर्ड गण्डकीका निमित्त प्रमुख पोखरेलले एसपी थापालाई हस्तान्तरण गर्नु भएको हो ।

एसपी थापाले उक्त साइकल पोखराका पर्यटक प्रहरी इन्चार्ज जगदिश रेग्मीलाई उक्त साइकलको चावी हस्तान्तरण गर्नु भएको थियो ।

पेट्रोल रहित सवारी साधनको रुपमा रहेको इलेक्ट्रिक साइकल जसको प्रति घण्टा ४५ किलोमिटरसम्म गुड्न सक्ने भएकोले आफुहरुले पोखरा क्षेत्रको पर्यटनको शान्ति सुरक्षा र अप्ठ्यारोमा परेका पर्यटकहरुको रहात तथा उद्धारको लागि पर्यंटक प्रहरीलाई उक्त साइकल हस्तान्तरण गरिएको निमित्त प्रमुख पोखरेलले जनाउनु भयो । पोखरालाई पर्यटनको राजधानि घोषणा भएसंगै पोखराको शान्ति सुरक्षाको बिषयमा आफुहरुलाई थप चुनौती थपिएकोले प्रहरीहरुलाई साधन श्रोतमा अझै कमी भएको एसपी थापाले बताउनु भयो । नेपाल प्रहरीले आफुसंग भएको सिमित श्रोत साधनले आम कास्कीका जनताको शान्ति सुरक्षा र पर्यटकहरुको लागि हरदम तयारी अबस्थामा रहेको उहाँले दाबी गर्नु भयो । वडा प्रहरी कार्यालय बैदामका कार्यालय प्रमुख डिएसपी राजेन्द्र कुमार श्रेष्ठले पोखराको लेकसाइड क्षेत्रमा उक्त साइकल वातावरणमैत्रि सवारी साधनको रुपमा निकै उपयोग हुने विश्वाश व्यक्त गर्नु भयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सहारा एकेडेमीमा सुरु भयो जुनियर फुटवल प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख

पोखरा १७ दोभिल्लामा रहेको 'सूर्य बहादुर केसी मेमोरियल सहारा एकेडेमी' मा सोमबार देखि १४ बर्ष मुनिका खेलाडीहरु सहभागि (यू-१४) जुनियर फुटबल प्रशिक्षण सुरु भएको छ । पोखराको सहारा क्लवको आयोजना, प्रदेश खेलकुद परिषद गण्डकीको सहकार्यमा उक्त प्रशिक्षण सोमबार देखि सुरु भएको क्लवले जनाएको छ।

१० दिने चल्ने उक्त प्रशिक्षणको परिषदका सदस्य सचिब श्रीधर शर्माले उद्धाटन गर्नु भयो । कार्यक्रममा बोल्दै यहाँले हाल नेपाली फुटबलमा खेलाडी पलायनले समस्या रहेको दाबी गर्नु भयो । उक्त प्रशिक्षणले नेपाली फुटबललाई माथी उठाउन केही हदसम्म भए पनि मद्धत पुग्ने दाबी गर्दै सदस्य सचिब शर्माले सहारा क्लबले नेपाली फुटबलको विकासमा योगदान महत्वपूर्ण रहेको उल्लेख गर्नु भयो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्ने अभियानमा परिषद रहेको बताउदै सदस्य सचिव शर्माले नेपाली खेलकुदको विकासका लागि संस्थागत सुधार आवश्यक रहेको जनाउनु भयो। खेलकुदमा भएको ठूलो लगानी अझै मन फुकाउन आवश्यक रहेको बताउदै उहाँले सहयोगलाई पारदर्शी बनाउँदै संस्थागत जवाफदेहीता र संस्थागत सुधार गर्न आवश्यक भएको जनाउनु भयो।

परिषदले प्रदेशका सबै खेल मैदानहरुको अभिलेखीकरण गरिसकेको जनाउँदै प्रदेशमा दुई वटा प्रदेशस्तरीय क्रिकेट रंगशालाको निर्माण र पोखरा २९ मा अन्तर्राष्ट्रियस्तरको क्रिकेट रंगशाला निर्माण गर्ने योजनामा रहेको सदस्य सचिव शर्माले बताउनु भयो । प्रदेशको खेलकुदको विकासका लागि परिषदले विभिन्न योजनाहरु अघि सारेको जनाउँदै खेलकुदमा फजुल खर्च रोक्ने देखि लिएर खेलकुदलाई वातावरणमैत्री बनाउने, स्थानिय उत्पदान र सामाग्रीहरुको प्रयोगमा जोड दिए संगै खेलाडी, प्रशिक्षक र अग्रज खेलाडीहरुको सम्मानका लागि समेत विभिन्न योजनाहरु अघि सारेको उहाँले बताउनु भयो । कार्यक्रममा क्लबका संस्थापक अध्यक्ष बसन्त थकालीले परिषदको सहकार्यले यस क्षेत्रमा यूवा खेलाडी उत्पादनमा महत्वपूर्ण हुने बताउँदै खुसी व्यक्त गर्नु भयो । क्लबका अध्यक्ष केशवराज बरालको अध्यक्षतामा भएको कार्यक्रममा क्लबका बरिष्ठ उपाध्यक्ष पूर्ण गुरुङ, सचिव टंक पौडेलले फुटवल खेलका बारेमा चर्चा गर्न भएको थियो । खेल्छ गण्डकी कार्यक्रम मार्फत आावशिय सुविधा सहित सुरु भएको उक्त फुटबल प्रशिक्षणमा कास्की, पर्वत, म्याग्दी, नवलपुर, तनहुँ, गोरखा, लमजुङ र बागलुङ जिल्लाका १४ वर्ष मुनीका ३० जना बालकहरु सहभागि भएको सचिव पौडेलले जनाउनु भयो। उनीहरुलाई क्लबका प्रशिक्षक सुनिल राना मगरले प्रशिक्षण दिनु सुरु गर्नु भएको छ। हाल सहारा एकेडेमीमा प्रशिक्षणरत १४ जना विपन्न तथा कठिन परिस्थितीका बालकहरु समेत प्रशिक्षणरत हुनुहुन्छ भने यो वर्षबाट उहाँहरुको संख्या ३० पुर्याउन क्लबले भर्नाका लागि आह्वान समेत गरेको छ। उक्त प्रशिक्षणमा एकेडेमी सहित अन्य सहभागि हुनु भएको हो।

# भारतीय दुतावासको पोखराका दुई विद्यालयलाई बस सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख



भारतीय दुतावासले पोखरा महानगरपालिकाका दुई विद्यालयलाई सवारी साधन बस उपलब्ध गराएको छ।

दुतावासले आईतबार काठमाण्डौंमा हस्तान्तरण गरेको बस सोमबार लक्ष्मी र भवानी कालिका माध्यामिक विद्यालयलाई बुझाईएको हो।

दुतावासले सवारी बसको चावी पोखरा महानगरपालिका वडा नं. २६ का वडाध्यक्ष नरेन्द्र थापालाई हस्तान्तरण गरेको थियो । सोमबार पोखरा आईपुगेका दुईवटा बस विद्यालयलाई बुझाउँदै अध्यक्ष थापाले सवारीसाधनको सुविधाले विद्यालय शिक्षाको गुणस्तर बृद्धि हुनेमा आशावादी रहेको बताए। विपन्न नागरिकका छोराछोरीलाई विद्यालयसम्म आउने जाने व्यवस्थाका लागि सवारी साधनको प्रयोग गर्ने गरी योजना बनाउन आग्रह गरे । अध्यक्ष थापाले आगामी आर्थिक बर्षको बजेट शिक्षा र स्वास्थ्यमा केन्द्रित हुने उल्लेख गर्दै, सवै विद्यालयले वडा शिक्षा समितिले निर्माण गरेको शैक्षिक क्यालेण्डर अनुसार चल्न सुझाव दिए। सामुदायिक विद्यालयको शिक्षामा गरिएको लगानीले सोचेजति प्रतिफल प्राप्त गर्न नसकेको उल्लेख गर्दै, अध्यक्ष थापाले विद्यार्थीको ड्रपआउटले थप चिन्तित बनाएको बताए।

अध्यक्ष थापाले श्रोत र साधनको अभावमा विद्यालयको शैक्षिक गुणस्तर खस्कन नहुने उल्लेख गर्दै, शैक्षिक सुधारका लागि सहयोग गर्ने प्रतिवद्धा जनाए । भवानी कालिका मा.वि व्यवस्थापन समितिका अध्यक्ष चिनिया थापा, प्रधानाध्यापक रमेश भट्टराई, लक्ष्मी मा.वि का प्रधानाध्यापक जगन्नाथ अधिकारी, सहायक प्रधानाध्यापक विष्णु प्रसाद तिवारीले विद्यालयमा बस उपलब्ध गराउन भूमिका खेल्नेहरुलाई धन्यवाद दिएका थिए। पोखरा २६ बिजयपुरमा रहेको भवानी कालिकामा झण्डै चार सय र अर्घौमा रहेको लक्ष्मी मा.वि मा झण्डै नौ सय विद्यार्थीले अध्ययन गर्दै आएका छन्। दुवै विद्यालयलाई विद्यार्थीको संख्या बृद्धि चुनौतीका रुपमा रहेको छ।

# दुतराजका प्रस्तुतिमा मन्त्रमुग्ध दर्शक

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख



१२ औं राष्ट्रिय हेमजा आलु महोत्सव अन्तर्गत सोमवार प्रकाश दुतराजका प्रस्तुतिहरुमा दर्शक मन्त्रमुग्ध भए।

उनले त्यहाँ दर्जन गीत गाए जसमा दर्शकहरुले पनि तालमा ताल छोपे र कम्मर हल्लाइहल्लाई नाँचे। दुतराजले गीत गाउन थालेसँगै स्टेज वरीवरी हवार्र दर्शक भरिए ।बढी मात्रामा युवा पिढीका दर्शकले उनलाई साथ दिए ।दर्शकको अत्याधिक साथ पाएका दुतराजले घरीघरी माइक आफूले गाउन छाडेर दर्शकतिरै सोझयाए । सम्झनीलाई होला के दिनी हेर मुटु धड्किनी तिम्रै नाम लिएर, देउरालीमा धजा रिमै मन उत्तै नजा, जाम भो माइली, सानु दाई, मन भुल्छ लगायतका गीत महोत्सवमा उनले प्रस्तुत गरे।सयौं दर्शकले हातको इसाराले उनलाई दर्शक दीर्घ मै बोलाए ।केही दर्शक स्टेजमै पुगेर दुतराजसँगै नाँचे पनि। यता आयोजक विष्णुपादुका क्लवले पनि केही दिन अघिदेखि नै दुतराजको आगमनलाई प्राथमिकता दिई प्रचारप्रसार गरिरहेको नै थियो ।जसअनुसार नै सोमवार करिव ७ हजार दर्शकले महोत्सव अवलोकन गरे ।कतिपय दर्शकले दुतराजका प्रस्तुतिलाई 'वान्स् मोर्' समेत भने । महोत्सवमा सोमवार कलाकारहरु पुरुषोत्तम न्यौपाने, माया गुरुङ, कृष्ण अखेली, प्रिन्स लम्साल, वसन्ती थापा, पूर्णकला विसी, कोरश व्याण्ड, दैविक व्याण्ड लगायतका प्रस्तुतिहरु रहे।सोमवार दिनभर जसो महोत्सव गीतसंगीतमय बन्यो। त्यस्तै मंगलवार महोत्सवमा कलाकार श्याम राना, केशव देवकोटा, सुरेशरमण अधिकारी, सरिता सारु, सुभद्रा श्रेष्ठ, कृष्ण गुरुङ लगायत लक्ष्य व्याण्डका प्रस्तुति रहने आयोजक विष्णुपादुका क्लवले जनाएको छ। आइतवारसम्म ५५ हजार दर्शक बढीले महोत्सव अवलोकन गरेकोमा २ हजार ९ सय ८ घरपरिवारले आलु खरिद गरी लगेको कृषि उपज व्यवस्थापन उपसमितिका संयोजक जयराम तिम्सिनाले जानकारी दिए ।उनले हालसम्म २९ लाख बढीको आलु कारोवार भएको पनि बताए।

महोत्सवमा आलु लगायत अन्य सामग्री समेत गरी आइतवारसम्म करिव ३ करोडको कारोवार भएको मूल आयोजक समितिका महासचिव वसन्तकुमार श्रेष्ठको भनाई छ।

महोत्सवको आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको प्रदर्शनी, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन, माटो र बोटबिरुवाको परीक्षण तथा रोगको निदान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, कृषि विज्ञ र किसानबीच अन्तर्क्रिया, विभिन्न कृषि उपज, बिउबिजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार, रत्यौली तथा भजन गीत प्रतियोगिता, हास्य व्यङ्ग्य एवम् लाइभ पप कन्सर्ट लगायत रहेका छन् । बुधवार एक कार्यक्रमका बीच महोत्सव सकिने छ।

# 'मिस नेपाल २०२४' को यात्रा सुरु: पोखरामा ओरिन्टेसन, अडिसन ५ गते

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख




'मिस नेपाल २०२४' को यात्रा सुरु भएको छ । सोमबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा आयोजक संस्था द हिडन ट्रेजरका प्रमुख दिवाकर राजकर्णिकारले क्षेत्रीय ओरिन्टेसन र अडिसन वाटरफ्रन्ट रिसोर्टमा भोलि ३ बजेबाट सुरु हुने जानकारी दिए।

पत्रकार सम्मेलनमा मिस नेपाल सृच्छा प्रधान र मिस नेपाल अर्थ रैना मजगैयाँ पनि सहभागी थिए। हिडन ट्रेजरका प्रमुख राजकर्णिकारले आवेदन खुला भएको जनाउँदै योग्य र इच्छुक युवतीलाई प्रतिस्पर्धामा सहभागी हुन आग्रह गरे।

व्यक्तित्व विकास र सशक्तीकरणको लागि मिस नेपालजस्ता प्लाटफर्मले भूमिका खेल्ने उनले बताए।

मिस नेपाल सृच्छा र मिस नेपाल अर्थ रैनाले अनुभव सुनाउँदै प्रतिस्पर्धामा आउन युवतीलाई आग्रह गरे। मंगलबार र बुधबार पोखरा अडिसन हुने र छुटेकाले मे १८ मा काठमाडौंमा हुने अडिसनमा सहभागी हुन पाउने हिडन ट्रेजरले जनाएको छ।

पोखरासंगै , २२ अप्रिलमा नेपालगञ्ज, २४ अप्रिलमा सुर्खेत, २८ अप्रिलमा वीरगञ्ज, ५ मेमा बिर्तामोड, ७ मेमा इटहरी, १२ मेमा भैरहवा र १८ मेमा काठमाडौंमा अडिसन हुँदैछन्। ४ मे जेठ १ गतेसम्मै इच्छुक युवतीले आवेदन दिन सक्ने जनाइएको छ।

अडिसनबाट छनोट भएकाले फिनालेको लागि प्रशिक्षण तयारीमा भाग लिनेछन् । आगामी अगस्ट ३ मा गोदावरीको सनराइज कन्भेसन सेन्टरमा फिनाले हुने हिडन ट्रेजरले जनाएको छ।

यस्तै पोखरा अडिसनलाई पोखरा जेसीजले समन्य गरेको छ। पोखरा जेसीजका अध्यक्ष जेसी देवराज शर्माले सामाजिक क्रियाकलाप अन्तर्गत मिस पोखरा यही बर्ष आयोजन गर्ने पनि बताए। भोलिको ओरिन्टेसन र अडिसनलाई भव्य बनाउने गरि कार्य गरेको कार्यक्रम संयोजक-जेसी किसान सुनारले जनाए।

# झन्झटिलो ...

"हामीले कर्म गर्ने हो, निराश हुने होइन । नेपालमा विकासको अपार सम्भावना छ र हामी चारैतिरबाट विस्तारै विकासको बाटोमा अगाडि बढ्दैछौं ।" राष्ट्रपति पौडेलले पर्याप्त र सक्षम जनशक्ति विकास गरी सेवालाई छिटो बनाउन गाउँपालिकाका सबै सरोकारवाला दत्तचित्त लाग्नेमा आफू विश्वस्त रहेको बताउनुभयो।

गाउँपालिकाका उर्वर भूमि, खोलानाला, पाखापखेराले यसको प्राकृतिक रमणीयलाई मुखरित गरेको बताउँदै गण्डकी प्रदेशको केन्द्र पर्यटकीय राजधानीको नजिकै रहेको म्याग्दे गाउँपालिकामा आउन पाउनु आफ्ना लागि अहोभाग्य ठानेको उहाँले उल्लेख गर्नुभयो।


अकला र किल्चोक जस्ता धार्मिक स्थलले यहाँको धार्मिक महिमा बढाएको उहाँको भनाइ थियो। उहाँले बन्दै गरेको सेती जलाशय परियोजना, अबको योजनामा रहेको तल्लो सेती हाइड्रो, स्तरोन्नति हुँदै गरेको पृथ्वीराजमार्गलगायतका पूर्वाधारले विसतारै सबैतिरबाट सुविधा थपिदै गएको र गिरिजाप्रसाद श्वासप्रश्वास केन्द्रलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानका रुपमा विकास गरिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

नेपालको संवैधानिक व्यवस्थाअनुसार स्थापित सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक नेपालको महत्वपूर्ण संरचना र आधारस्तम्भका रुपमा रहेका स्थानीय तहहरू हाम्रो जनताका आकांक्षा पूरा गर्ने सरकार अर्थात सिंहदरबार हुन् भन्दै उहाँले विगतमा सिंहरबारमा केन्द्रिकृत शासनप्रणालीलाई विकेन्द्रित गरी जनताको घरदैलोमा सेवा सुविधा दिने र जनताका दैनिक कार्यसम्पादनलाई सहज, सरल र प्रभावकारी ढङ्गले पूरा गर्ने स्थानीय निकाय हाम्रो शासन प्रणालीको एउटा बलियो आधार भएको स्पष्ट गर्नुभयो । "हामीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्दा स्वीट्जरल्याण्डको जस्तो 'स्वशासन' र महात्मा गान्धीले कल्पना गरेजस्तो 'स्वराज' को सोच अगाडि राखेर नयाँ राज्य संरचना तर्जुमा गरेका हौं", उहाँले भन्नुभयो, "आज ती सोचहरूले कति साकार रूप लिन गइरहेका छन् र लिनसक्ने हुन् भन्ने कुरा अधिकार प्रत्यायोजनका क्रममा केन्द्रीय सरकारको उदारता एवं लचकता र स्थानीय सरकारको ग्रहणशीलता तथा क्षमतामा बढी निर्भर रहन्छ भनेर म सबैलाई सुझाउन चाहन्छु।"

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९ः०० बजेदेखि बेलुकी ५ः०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

# घारिकूलो सहकारीको रक्तदानमा २१ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख



पोखरा महानगरपालिका वडा न १७ घारीकुलो टोल मा स्थापित घारीकुलो बचत तथा ऋण सहकारी संस्थाले आफ्नो पाचौ बार्षिक उत्सबको अवसरमा आयोजना गरेको खुल्ला रक्तदान कार्यक्रममा २१ यूनिट रगत संकलन भ एको छ।

कार्यक्रमको नेपाल रेडक्रस सोसाइटी कास्कीका अध्यक्ष डण्डराज शर्माले उद्घाटन गरेका थिए। शर्माले मानव जीबनको निम्ति अपरिहार्य रगत जस्तो महत्त्वपूर्ण चिजलाइ खेर नफाली समय समयमा दान गर्नुपर्ने भन्दै सम्पूर्ण टोलबासी आउने समयमा थप कृयाशिल हुँदै पुण्य कार्यमा सरिक हुन आग्रह गरे। सो कार्यक्रममा संयोजक बिष्णु वाग्ले , घारिकुलो टोल विकास सस्था का अध्यक्ष गोविन्द गिरि ,घारिकुलो आमा समुहका कार्यबाहक अध्यक्ष देवीमाया पौडेल सहितले मन्तव्य व्यक्त गरेका थिए। घारीकुलो टोल बिकास सन्था र घारीकुलो आमा समुहको विशेष सहयोग रहेको सो रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र पोखराले प्राबिधिक सहयोग उपलब्ध गराएको थियो।संस्थाका अध्यक्ष पुरन गिरि को अध्यक्षतामा सम्पन्न रक्तदान कार्यक्रमको संचालन सचिब पबित्रा सुबेदी भण्डारी र स्वागत उपाध्यक्ष कुमार बस्नेतले गर्नुभएको संस्थाका ब्यबस्थापक दिपक लामिछानेले जानकारी दिए।

# बेनी अस्पतालमा अर्थोपेडिक सेवा सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ बैशाख

म्याग्दीको बेनी अस्पतालमा नसा तथा हाडजोर्नीका बिरामीका लागि अर्थोपेडिक (हाडजोर्नी शल्यचिकित्सा) सेवा सुरु भएको छ।

अर्थोका कन्सल्टेन्ट डा प्रतिक आचार्य अस्पतालमा आएपछि गत शुक्रबारदेखि अस्पतालमा हाडजोर्नी तथा नसा रोग विशेषज्ञ सेवा सुरु भएको हो। विशेषज्ञ सेवा सुरु भएपछि हाडजोर्नी तथा नसा रोगका बिरामी अब सामान्य उपचारका लागि काठमाण्डौं, पोखरा,नेपालगञ्जलगायत सहरमा जानुपर्ने बाध्यता अन्त्य भएको छ। बेनी अस्पतालमा गत शुक्रबारदेखि नियमित सेवामा रहनुभएका डा आचार्यले यसअघि बागलुङ अस्पतालमा हाडजोर्नीसम्बन्धी जटिल शल्यक्रियामा सफलता प्राप्त गर्नुभएको थियो। डा आचार्यले बेनी अस्पतालमा पनि जटिल शल्यक्रियाका लागि आवश्यक पर्ने उपकरण अस्पताल व्यवस्थापन समितिमार्फत व्यवस्थापन गरिने बताउनुभयो।

बेनीमा वैशाख २ गते आइतबारदेखि हाडजोर्नी तथा नसा रोग विशेषज्ञ सेवा सुरु भएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र सुवेदीले जानकारी दिनुभयो। “अब हाडजोर्नी तथा नसासम्बन्धी उपचार गर्न टाढा जानु पर्दैन। बेनी अस्पतालमा नै हुन्छ। हामीले जटिल शल्यक्रियाका लागि समेत उपकरण थप्दैछौँ”, उहाँले भन्नुभयो। “यहाँबाट दिन सकिने सबै सेवा उपलब्ध गराउँछौँ। यहाँ गर्न नसक्ने अवस्थाका बिरामीलाई मात्रै रिफर गर्नुपर्छ”, डा आचार्यले भन्नुभयो। हाडजोर्नी, नसाको समस्याका साथै हड्डी भाँचिएमा मेटल प्लेट वा पेँच राख्नेलगायतका जटिल समस्याका लागि पनि आवश्यक पूर्वाधार तयार गरी अस्पतालबाटै सेवा दिइने व्यवस्थापन समितिले जनाएको छ। बेनी अस्पतालमा फिजियोथेरापी सेवा उपलब्ध भए पनि अर्थोका चिकित्सक नहुँदा बिरामीलाई समस्या हुने गरेको थियो। फिजियोथेरापीबाट हड्डी खिइएको, नसा च्यापिएको, मांसपेशी दुख्ने, झमझमाउने, लुलो हुने, प्यारालाइसिस, जन्मँदा नै शारिरीकरुपमा असाधारण भएका बालबालिका, हातखुट्टा नचल्नेलगायत रोगको उपचारमा सहज हुने समितिका अध्यक्ष सुवेदीले बताउनुभयो। उहाँका अनुसार अस्पतालमा अन्तरङ्ग र बहिरङ्ग विभागका अतिरिक्त शल्यक्रियामार्फत प्रसूति सेवा, एपेन्डिसाइटिस, हर्नियाको उपचार, दन्त सेवा, आँखा उपचार सेवा, बच्चा उपचार कक्ष, हिंसा प्रभावितका लागि अल्पकाली सेवा केन्द्र र डायलाइसिस सेवा उपलब्ध छन्।

# असिनाले सुन्तलामा क्षति पुऱ्याएपछि किसान चिन्तित

**पोखरापत्र संवाददाता**
पर्वत, ३ बैशाख

लामो समयपछि परेको वर्षासँगैको असिनाले पर्वतको सुन्तला पकेट क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ। जिल्लाको मोदी गाउँपालिका-२ देउपुरमा गरिएको व्यावसायिक सुन्तलाखेतीमा असिनाले क्षति पुऱ्याएपछि किसान चिन्तित बनेका छन्।

शनिबार दिउँसोदेखि लगातार एक घण्टासम्म परेको असिनाले फल लाग्न थालेका सुन्तला पूरै झारेर नष्ट गरेको स्थानीय किसान दाताराम चापागाईंले बताउनुभयो। यहाँका झण्डै दुई सय किसानले लगाएका सुन्तलाखेती एकैछिनको असिनाले सखाप बनाएको उहाँले बताउनुभयो।

यहाँका कृषकले वार्षिक रु पाँचदेखि रु आठ करोडसम्मको सुन्तला बिक्री गर्दै आएका छन्। एक वर्ष धेरै उत्पादन भए अर्को वर्ष कम उत्पादन हुने सुन्तला खेतीबाट लगातार दुई वर्ष नोक्सानी व्यहोर्नु परेको चापागाईंले बताउनुभयो। “अघिल्लो वर्ष पनि सुन्तलामा फल लाग्नेबेला आएको असिनाका कारण यहाँका किसानले करिब रु चार करोड भित्र्याएका छन्। यस वर्ष पनि फल लाग्ने बेला असिना पऱ्यो”, उहाँले भन्नुभयो।

अहिले पनि सुन्तलाको फूल र बतिला सबै झारेर नष्ट गरिदिएकाले आगामी वर्ष आम्दानी ह्वात्तै घट्ने सम्भावना बढेको किसान प्रकाश चापागाईंले बताउनुभयो। उहाँका अनुसार पानीसँगै परेको असिनाले सुन्तलासँगै खेतबारीमा भर्खरै उम्रिएका मकै, लहरे तरकारीबाली र अन्य व्यावसायिकरुपमा लगाइएको काउली, बन्दा, सिमी, केराउलगायत तरकारीमा क्षति पुऱ्याएको छ।

दुई साताअघि नेपालकै स्वादिलो रैथाने जातको सुन्तला उत्पादन हुने पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कमा पनि असिनाले क्षति पुऱ्याएको थियो। फल लाग्न फुलेका सुन्तला र मुनाहरु पूरै झारेर नष्ट गरिदिएको थियो भने आलु, गहुँ, तोरी र जौ खेतीमा समेत क्षति पुऱ्याएको थियो। जिल्लास्थित कृषि ज्ञान केन्द्रले शनिबार परेको भिषण वर्षासँगैको असिनाले मोदी गाउँपालिकाका विभिन्न वडामा लगाइएको सुन्तला तथा हिउँदे बालीमा क्षति पुऱ्याएको जनाएको छ। मोदीका देउपुर, बाजुङ, भुकताङ्ले, तिलाहार, राम्जा, चित्रेलगायत क्षेत्रमा असिनाले क्षति पुऱ्याएकामा बढीमात्रामा सुन्तलाखेतीमा असर गरेको ज्ञान केन्द्र प्रमुख पर्शुराम अधिकारीले जानकारी दिनुभयो। उहाँले क्षतिको विवरण सङ्कलन भइरहेका विस्तृत विवरण भने आउन बाँकी रहेको बताउनुभयो। फल लाग्ने बेलामा असिनाले झारेपछि उत्पादनमा कमी आउन सक्ने उहाँको भनाइ छ। लामो समयको खडेरीपछि यस क्षेत्रमा वर्षा भएको थियो। वर्षासँगैको चट्याङमा परी मोदी-१ भुकदेउराली र वडा नं ७ राम्जादेउरालीमा गरी दुई जनाले ज्यान गुमाएका छन् भने बालीनालीमा समेत क्षति भएको मोदी गाउँपालिकाका अध्यक्ष हिरादेवी शर्माले जानकारी दिनुभयो। चट्याङ र असिना पीडित परिवारलाई गाउँपालिकाले तत्कालका लागि केही राहत दिने तयारी गरिरहेको उहाँले बताउनुभयो।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २२ मा छापा देखि अनदु सम्मको बाटो स्तरोन्नती गर्दा भएको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पादर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम** : छापा अनदु सडक स्तरोन्नती
**उपभोक्ता समितिको नाम** : छापा अनदु सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२२, कास्की
**योजना सम्झौता मिति** : २०८०/०९/२० गते
**काम सुरु मिति** : २०८०/०९/२१ गते
**योजना सम्पन्न भएको मिति** : २०८०/१२/३० गते
**महानगरपालिकाबाट** : रु. २५,००,०००/-
**जनसहभागिता** : रु २,७९,५४८/५७
**जम्मा लागत** : रु २७,७९,५४८/५७
**अनुगमन समिति संयोजक**: कृष्ण कुमारी पौडेल देवकोटा

**दिनेश बराल**
अध्यक्ष
**छापा अनदु सडक स्तरोन्नती उपभोक्ता समिति**
पोखरा-२२, कास्की

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २२ मा कोदी आमा समुह जाने सिढिं बाटो निर्माण गर्दा भएको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पादर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम** : कोदी आमा समुह जाने सिढिं बाटो निर्माण
**उपभोक्ता समितिको नाम** : कोदी आमा समुह जाने सिढिं बाटो निर्माण उपभोक्ता समिति, पोखरा-२२, कास्की
**योजना सम्झौता मिति** : २०८०/११/०८ गते
**काम सुरु मिति** : २०८०/११/०९ गते
**योजना सम्पन्न भएको मिति** : २०८०/१२/३० गते
**महानगरपालिकाबाट** : रु. ५,००,०००/-
**जनसहभागिता** : रु ५५,९९६/०९
**जम्मा लागत** : रु ५,५५,९९६/०९
**अनुगमन समिति संयोजक**: कृष्ण कुमारी पौडेल देवकोटा

**गुरु प्रसाद ढकाल**
अध्यक्ष
**कोदी आमा समुह जाने सिढि बाटो निर्माण उपभोक्ता समिति**
पोखरा-२२, कास्की

# हलगोरु पाल्ने किसानलाई अनुदान

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ बैशाख

बागलुङ नगरपालिकाले हलगोरु पाल्ने किसानलाई अनुदान दिने भएको छ। नगरपालिकाले ‘पशुपन्छी तथा मत्स्यपालन कार्यविधि-२०७९’ निर्माण गरी चालु आर्थिक वर्षभित्रै गोरु पाल्ने किसानलाई अनुदान दिने कार्यक्रम ल्याएको हो।

गोरु पाल्ने किसानलाई प्रोत्साहन गर्न रु चार लाख बजेट नगरपालिकाले विनियोजन गरेको छ। उक्त बजेटबाट हलगोरु पाल्ने किसानलाइ दामासाहीले अनुदान दिइनेछ। त्यसका लागि किसानबाट आवेदन सङ्कलन गरिएको बागलुङ नगरपालिकाको पशु शाखाले जनाएको छ। बढ्दो यान्त्रिकीकरणसँगै गोरु पाल्ने चलन हराएकाले ‘हल गोरु पाल्न प्रोत्साहन एवं प्रवर्द्धनात्मक’ कार्यक्रमअन्तर्गत किसानलाई अनुदान दिन लागिएको बागलुङ नगरपालिका पशु शाखा प्रमुख मित्रलाल सापकोटाले बताउनुभयो। सापकोटाका अनुसार नगरपालिकाभित्रका एक सय १० जना गोरु पाल्ने किसानले निवेदन दिएका छन्। प्राप्त भएका सो निवेदनका आधारमा अनुगमन गरी किसानलाई अनुदान दिइने छ।

हलगोरु पाल्ने किसानलाई अनुदान दिन लागिएको हो, यस वर्ष बजेट थोरै छ, प्रत्येक हल गोरु पाल्ने किसानलाई चार/पाँच हजारको दरले अनुदान दिइन्छ”, सापकोटाले भन्नुभयो, “यो कार्यक्रम निरन्तर चल्छ, कम्तीमा एक किसानलाई रु १० हजारका दरले अनुदान दिने कार्यविधिमै उल्लेख छ।” आगामी वर्ष हल गोरु पाल्ने किसानलाई रु १० हजार पुग्नेगरी रु १० लाख बजेट विनियोजन गर्ने नगरपालिकाको लक्ष्य छ। बढ्दो प्रविधिको विकाससँगै गोरु लगाएर जोत्ने परम्परा हराएकाले त्यसलाई संरक्षण गर्न किसानलाई अनुदान दिन लागिएको नगर उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो। उहाँले मिनीट्रिलर वितरणले गोरु पाल्ने किसान निरुत्साहित भएको महसुस गरेकाले अनुदान कार्यक्रम ल्याएको बताउनुभयो। गोरु पाल्दा वातावरणीयरुपमा समेत फाइदा हुने उहाँको भनाइ छ।

# भुलभुला मन्दिरलाई पर्यटकीय गन्तव्य बनाइने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख

कास्कीका पोखरा महानगरपालिका-३३ भरतपोखरीको पुडिटारमा रहेको भुलभुला मन्दिर यहाँको प्रमुख तीर्थस्थलमध्येको एक हो।

पूजाआजा गरेमा मनले चिताएको पुग्ने तीर्थस्थलका रुपमा चासो र चर्चा कमाएको यस स्थलमा कास्कीका साथै तनहुँ, स्याङ्जालगायतका स्थानबाट दर्शनार्थी आउने गर्दछन्। मन्दिरको धार्मिक महत्वलाई दृष्टिगत गर्दै यसलाई धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न स्थानीय सङ्घ संस्थाका साथै वडा कार्यालयले सक्रियता देखाएको छ। विगतमा सामान्य कुण्ड मात्रै रहेको यहाँ मन्दिर, ट्रष्ट भवनलगायतका पूर्वाधार निर्माण गरिएका स्थानीयवासी एवं पोखरा महानगरपालिका-३३ का वडाध्यक्ष रामचन्द्र अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार वडा कार्यालयले यस आर्थिक वर्षमा रु आठ लाख ५० हजारको लागतमा पुजारी आवाससहितको ट्रष्ट भवन निर्माण गरिसकेको छ। अघिल्लो आवमा मन्दिर परिसरमा रु १० लाख लागतमा शौचालय निर्माण गरिएको वडाध्यक्ष अधिकारीले जानकारी दिनुभयो। पूर्वाधार विकासकै क्रममा मन्दिर र त्यहाँस्थित जलकुण्ड (पोखरी)लाई व्यवस्थित गर्न वडा कार्यालयले रु आठ लाख उपलब्ध गराई निर्माण सम्पन्न भएको भुलभुला मन्दिर संरक्षण समितिका सदस्य शङ्कर अधिकारीले बताउनुभयो।

प्राचीनकालदेखि नै भुलभुला देवीको महिमा र गरिमा आफूहरूले सुन्ने गरेको उल्लेख गर्दै वडाध्यक्ष अधिकारीले यसलाई धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने लक्ष्यका साथ अघि बढाएको बताउनुभयो। प्राचीन किंवदन्तीअनुसार भुलभुला देवीलाई ढोर बाराही र छाब्दी बाराहीकी कान्छी बहिनीका रुपमा मान्दै पूजाआजा गर्ने गरिएको यहाँका बूढापाका बताउँछन्।

प्रत्येक वर्ष वैशाख सङ्क्रान्तिका दिनमा र चैते दसैँमा विशेष पूजाआजा हुने यस मन्दिरमा वर्षको एक पटक स्थानीयले सामूहिक पञ्चबलि दिने गरेका छन्। मन्दिरको पूजाआजाका लागि स्थायी स्रोत नभए पनि माथिल्लो पुडिटार र तल्लो पुडिटारमा स्थानीय मिलेर सामूहिक पञ्चबलि दिने गरेका छन्। मन्दिर परिसरको जलकुण्डमा बाह्रै महिना पानी आइरहने स्थानीय समाजसेवी ८७ वर्षीय सम्मरलाल श्रेष्ठले बताउनुभयो। जलकुण्डमा तलबाट निरन्तर पानी भुलभुल गरेर आउने भएकोले नै प्राचीनकालदेखि नै भुलभुला देवीका रुपमा लिने गरिएको उहाँको तर्क छ। स्थानीयवासीका अनुसार जलकुण्ड नजिकै पहिले खनियाँको रुख थियो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



**जन्मः** १९९०/०४/१५ गते

**स्व. बिल बहादुर गुरुङ**

**स्वर्गारोहणः** २०८०/१२/२७ गते

**हाम्रा अग्रज दाजु सुनिल गुरुङका पुजनीय पिता बिल बहादुर गुरुङ को ९१ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। उहाँको स्वर्गारोहण भएको आज अर्घौ कार्यको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।**

**रावत लामा**
**प्रबन्ध निर्देशक**
**गोम्जा आइ टि इन्जिनियरिङ प्रा. लि.**
**न्यूरोड, पोखरा**